# नेपाल गजेट

## नेपाल सरकारद्वारा प्रकाशित

खण्ड २] काठमाडौं पौष १ गते २००१ साल [संख्या १७

बखत बखतमा प्रकाश हुने गजेटमा छापिने विषयहरू देहायको क्रमले रहनेछन् । तर यसमा हप्ता हप्तामा जुन जुन विषय प्रकाशित हुने ठहर्दछन्, तिनै तिनै विषयहरू छापिनेछन् ।

भाग १ (क) सरकारी घोषणा, इश्तिहार इत्यादि ।

(ख) खारेजी र नयाँ ऐन, सार्वभौम सवाल, सनद इत्यादि ।

(ग) सरकारद्वारा नियोजित कुनै कमेटी वा कमिशनको रिपोट इत्यादि ।

(घ) नयाँ भर्ना, सरुवा, बढुवा इत्यादि ।

(ङ) कायममुकायम तैनाथी इत्यादि ।

(च) कानूनमन्त्रालय, न्यायालयको विज्ञप्ति इत्यादि ।

(छ) जेल पुलीस आदिको विज्ञप्ति इत्यादि ।

(ज) साधारण सूचना, उर्दी इत्यादि ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) जन्म मरणको संख्या ।

(ञ) हल्लाको खण्डन ।

(ट) अफिसरहरूको बिदा ।

(ठ) श्री ५ र मन्त्रीहरूको यात्रा, शुभेच्छामण्डल आदिको कार्यक्रम।

(ड) पब्लिक सर्भिसकमिशनको सूचना ।

(ढ) इलेक्शनकमिशनको सूचना ।

भाग २ (क) अर्थविभागसम्बन्धी विज्ञप्ति ।

(ख) सरकारी ब्याङ्क, मुलुकीखाना, कौशी आदिको प्रकाशित, प्रचलित मुद्रा, नोट र तत्सम्बन्धी सूचनासमेत ।

भाग ३ (क) उद्योग वाणिज्य र खाद्यसम्बन्धी सरकारी विज्ञापन इत्यादि ।

(ख) नियन्त्रित बजारभाउ, मुद्राविनिमय इत्यादि ।

भाग ४ (क) कृषि, भूमिसुधारसम्बन्धी सूचना इत्यादि ।

(ख) याम, हावा, पानी र बालीनालीको सूचना इत्यादि।

भाग ५ (क) शिक्षासम्बन्धी सूचना ।

(ख) शिक्षाविभागको परीक्षाफल।

भाग ६ (क) स्वायत्त शासनसम्बन्धी प्रबन्ध, सूचना इत्यादि ।

(ख) नगरपञ्चायत ।

(ग) ग्रामपञ्चायत ।

भाग ७ (क) स्वास्थ्यसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

(ख) रोगग्रस्त भई मर्नेको संख्या ।

भाग ८ वनविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भाग ९ साधारण राज्यव्यवस्था र परराष्ट्रविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १० रक्षाविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

गाभ ११ यातायातविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १२ संसद्—सम्बन्धी सूचना, विज्ञप्ति इत्यादि ।

भाग १३ बिकाश तथा योजनासम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

## भाग १

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलिविराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्वल नेपालतारा ॐराम्रपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवनवीरविक्रम जङ्गबहादुर शाह बहादुर शमशेर जङ्गदेवानाम् सदासमरविजयिनाम् ।

उद्देश्य र कारण

हाम्रो मुलुकमा छापाखानासम्बन्धी ऐन २००५ साल बैशाख २ गते जारी भएको थियो तापनि २००८ सालको छापाखाना र प्रकाशन रजिष्टरीसम्बन्धी ऐनले सो ऐन खारेज गरेको र वर्तमान परिस्थितिमा प्रेसवालाहरू द्विविधा र भ्रममा परी बुलेटिन, पुस्तिका, समाचारपत्रहरू, पर्चा इत्यादिमा देशको शान्ति सुरक्षा खलबल हुने लेखहरू बराबर निक्लने भइरहेकोले छापाखानाहरूउपर पूरा रेखदेख राखी सुव्यवस्था र शान्ति कायम रहोस् भन्ने उद्देश्यले यो छापाखाना महलको देहायको ऐन जारी गर्ने गरिबक्सेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# प्रस्तावना

छापाखाना र प्रकाशनसम्बन्धमा राम्रो नियन्त्रण गर्नाको लागि छापाखाना महलको ऐन जारी गर्नुपर्ने उचित देखिएकोले श्री५ परामर्शदाताहरूको सल्लाह-अनुसार यो ऐन जारी गरिबक्सेको छ।

## छापाखाना र प्रकाशनसम्बन्धी ऐन

संक्षिप्त नाम विस्तार

१. यो ऐनको नाम–छापाखाना र प्रकाशनसम्बन्धी ऐन २००६ भन्ने रहेको छ।

२. यो ऐन नेपाल गजेटमा छापिएको मितिदेखिन् नेपाल राज्यभर लागू हुनेछ।

परिभाषा

३. प्रसङ्ग अथवा विषयले अरू अर्थ नलागेमा देहायमा लेखिएको लवजहरूको अर्थ लगाउनुपर्दा देहायमा लेखिएबमोजिम लाउनु लगाउनुपर्छ।

(१) किताबयो शब्दले हरेक भाषामा समग्र अथवा खण्डखण्ड रूपमा छापिएको वा लिथो भएको प्रत्येक पुस्तक, पुस्तिका, पर्चा, बिवरणपत्र, स्वरलिपि नक्सा, मानचित्र इत्यादिलाई जनाउँछ।

(२) लिखतपत्र–यो शब्दले चित्र, नक्सा, फोटो अथवा अरू कुनै प्रत्यक्ष चित्रणलाई जनाउँछ।

(३) प्रधान न्यायालय–यो शब्दले नेपालको प्रधान न्यायायललाई जनाउँछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) (क) बडाहाकिम--यो शब्दले स्थानीय शासनकर्तालाई जनाउँछ।

(ख) हाकिम--यो शब्दले बडाहाकिम नभएको ठाउँको स्थानीय शासनकर्तालाई जनाउँछ।

(५) समाचारपत्र--यो शब्दले सार्वजनिक खबर या त्यसको आलोचना भएको कुनै सामयिक पत्रलाई भनिन्छ।

(६) समाचारपत्रिका--यो शब्दले सार्वजनिक खबर या त्यसको आलोचना या दफा ५ का उपदफा (१) मा लेखिएको विषयहरू भएको, तर समाचारपत्रमा नगनिने समाचारसम्बन्धी कागजपत्रलाई भनिन्छ।

(७) छापाखाना--यो शब्दले छाप्ने मेशिन, सबै कलहरू, ज्यावल, कार्यालय, त्यसको हिस्साहरू र लिखतपत्रहरूको धेरै प्रतिहरू निकाल्ने काममा लगाइने साधनहरूलाई भनिन्छ।

(८) छाप्ने मेशिन-- यो शब्दले इन्जीन, मेशिन, टाइप, लिथो गर्ने सामान, भाँडावर्तन र छाप्नको निमित्त काममा ल्याइएको साधनहरूलाई भनिन्छ।

(९) अनधिकृत पत्र--यो शब्दले छापाखाना र प्रकाशन रजिष्टरीसम्बन्धी ऐनको दफा ६ बमोजिम रीतपूर्वकको कागज गरिनसक्दै प्रकाश गरेको कुनै समाचारपत्र र यो ऐनबमोजिम धरौट मागिएकोमा धरौट दाखिल नगरी प्रकाशित भएको समाचारपत्रलाई समेत जनाउँछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१०) अनधिकृत पत्रिका—यो ऐनको दफा १६ बमोजिम अधिकार पाएको मानिसले छापेको समाचारपत्र पत्रिकाबाहेक अरू जुनसुकै समाचारपत्रिकालाई भनिन्छ ।

(११) बेरीतको छापाखाना—छापाखाना र प्रकाशन रजिष्टरी-सम्बन्धी ऐनको दफा ५ बमोजिम रीतपूर्वकको कागज गरिकन राखिएको छापाखानाबाहेक अरू छापाखानालाई बेरीतको छापाखाना भनिन्छ ।

४. छापाखाना राख्नेलाई लाग्ने धरौट. (१) छापाखाना चालु गर्न छापाखाना र प्रकाशन रजष्टरीसम्बन्धी ऐनको ५ दफाबमोजिम कागज गर्नुपर्ने प्रेसधनीहरूमध्ये कुनैबाट धरौट लिनुपर्ने आवश्यक देखेमा धरौट लिनुपर्ने कारणसमेत लेखिराखी प्रेसधनीहरूले कागज गरेको १५ दिनभित्र हाकिम या बडाहाकिमले रू. १००० मा नबढाई धरौट माग्न सक्छ ।

(२) उपदफा (१) बमोजिम धरौट राखेपछि ३ महिनासम्म दफा ५ मा लेखिएबमोजिमको बात दोष नलागी प्रेस चालु गरेमा सो राखेको धरौट फिर्ता पाऊँ भनी प्रेसधनीको दर्खास्त पर्न आएमा फिर्ता पाउनेछ ।

(३) यो ऐनबमोजिम धरौट नलिएको वा उपदफा (२) बमोजिम लिएको धरौट फिर्ता भइसकेको छापाखानाले दफा ५ उपदफा (१) मा किटएको कुनै शब्द—चिन्ह अथवा प्रत्यक्ष आकार देखाई किताप, समाचारपत्र र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लिखतपत्र प्रकाशित गरेको देखाएमा सरकारले यस्तो शब्द-चिन्ह अथवा प्रत्यक्ष आकार रहेछ भनी प्रेसधनीलाई लिखित जनाउ दिई सो गरबापत निजबाट रु ५०० देखि रु. ३००० सम्म धरौट माग्न सक्छ ।

(४) माथि उपदफा २ मा लेखिएको जनाउ दिंदा बाटोको म्यादबाहेक १५ दिनभित्र हाजिर हुने गरी म्याद जारी गर्नुपर्छ । धरौट बुझाउनेले म्यादभित्र धरौट दाखिल गर्नुपर्छ ।

५. (१) कुनै छापाखानाले घुमाई वा सोझ देहायमा लेखिएको अपराधको वृद्धि हुने आशंकाको कुनै शब्द–चिन्ह अथवा प्रत्यक्ष आकार कुनै समाचारपत्र, पत्रिका, पुस्तक अथवा अरू लिखतपत्रमा छापी प्रकाश गर्न हुँदैन ।

(क) ज्यान मार्ने, ज्यानसम्बन्धी कुनै हिंसात्मक अपराध गर्न चम्काउने, प्रोत्साहन दिने या त्यस्तो गर्ने गर्न बाउने प्रवृत्ति भएका ।

(ख) प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपमा यस्तो कुनै अपराध या अपराधी या अपराधमा बात लागेको सक्कली या बनावटी पात्रको प्रसंशा गर्ने।

(ग) सरकारी कर्मचारीहरूलाई कर्तव्यपथ र राजभक्तिबाट विचलित गराउने ।

(घ) श्री ५ महाराजाधिराज र मौसूफको राजपरिवार, कानून-बमोजिम खडा गरिएको सरकार, सरकारी काम कारवाई, श्री ५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महाजराधिराजको रैतीमध्ये कुनै जाति वर्ण उपजातिलाई घृणा र निरदार गराउने अथवा श्री ५ महाराजाधिराजले या मौसूफको सरकारमा अवहेलना र द्वेष बढाउने ।

(ङ) डर त्रास देखाई वा अरू कुनै किसिमको दुःख पीर दिई टोक-टाटा लगाई कसैको सम्पत्ति अरू कसैलाई दिन कर लाग्ने पार्ने वा ऐनले गर्न कर नलाग्ने काम गर्न लगाउने वा ऐनले गर्न पाउने काम गर्न नदिने ।

(च) ऐन सवालबमोजिम गर्नपर्ने र अमन चमन कायम राख्ने काम गर्न नदिई बाधा विरोध पार्ने कुनै अपराध गर्ने अथवा माल-पोत रोडसेस अरू सरकारिया रकम कलम लेनामा उपर गर्न लाग्दा रोक्ने हटाउने आलटाल गराउने ।

(छ) कुनै सरकारी कर्मचारीलाई निजको तोकिएको कामको सिल-सिलामा गर्न नहुने काम गर्न र गर्नुपर्ने काम नगर्ने या गरेको काममा पनि नचाहिने ढिलाइसँग गर्न लगाउने या राजि-नामा गर्ने गरी बहकाउने किसिमको ।

(ज) श्री ५ महाराजाधिराजको रैयतको भिन्न भिन्न वर्गमा आपसी वैमनस्य र घृणा पैदा गराउने ।

(झ) सरकारी कर्मचारीहरूको भर्तीको काम निजहरूको तालिम डिसिप्लीन इत्यादिमा बाधा विरोध पार्ने ।

स्पष्टीकरण:— १ (क) मा लेखिएबमोजिमको प्रवृत्ति देखिएन भने कुनै ऐतिहासिक या साहित्यिक लेखमा गरेको सम्मति या प्रसंशामा सो दफा लागू हुनेछैन ।

१८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्पष्टीकरण:— २ बदली गराउने उद्देश्यले मात्र घृणा अवहेलना अथवा असन्तोषको उत्तेजना नदिई वैधानिक तवरबाट कुनै सरकारी ऐन सवालका खरावी देखाई छापिएको टीका टिप्पणीलाई माथि (घ) मा लेखिएसरह मात्र हुँदैन।

स्पष्टीकरण:— ३ घृणा अवहेलना अथवा असंन्तोषको उत्तेजनारहित वैधानिक तरवबाट सरकारी कुनै कारवाईको आलोचना गरेकोमा पनि माथि (घ) मा लेखिएसरह मात्र हुँदैन।

(२) दफा ४ बमोजिम धरौट राख्न अर्डर भएको कुनै छापाखानाले दफा ५ उपदफा (१) मा लेखिएको विषयहरुको लक्ष्य गरी कुनै शब्दचिन्ह प्रत्यक्ष आकार भएको किताब, समाचारपत्र र लिखतपत्रहरू छापी प्रकाश भएको र छाप्न लागेको कुरा सरकारमा जाहेर भएमा जुन शब्द–चिन्ह र प्रत्यक्ष आकारबाट सो भए गरेको भन्ने सम्भेको छ, सो कुरासमेत खुलाई छापाखाना राख्नेलाई लिखित जनाउ दिई सो किसिमको समाचारपत्र पुस्तक, या अरू लिखतपत्रको सबै प्रति राज्यभर जहाँ फेला पर्छ, जफत गर्ने अर्डर दिने र धरौट राखेको कलममा जम्मै धरौट या त्यसको केही खण्ड नराखेकोमा छापाखाना जफत गर्न सक्छ।

(३) दफा ५ बमोजिम धरौट जम्मै वा केही खण्ड जफत गर्ने घोषणा गरी जनाउ पठाएका १५ दिनपछि छापाखाना र प्रकाशन रजिष्टरीसम्बन्धी ऐनको दफा ५ बमोजिम यस्तो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छापाखानासम्बन्धी गरिएको कागज रद्दी भएको मानिनेछ ।

६. अर्को धरौट राख्नुपर्ने — यस ऐनको दफा ५ र ७ बमोजिम धरौट राखेको रुपैयाँ जम्मै वा त्यसको केही खण्ड जफत भएपछि छापाखाना र प्रकाशन रजिष्टरीसम्बन्धी ऐनको दफा ५ बमोजिम फेरि दोस्रो पटक छापाखाना चालु गर्न कागज गर्नेहरूले स्थानीय बडा-हाकिमको तजबीजबमोजिम रु. १००० देखि १०,००० सम्म धरौट राख्नुपर्छ ।

७. पछिल्लो धरौट र प्रकाशित पुस्तक आदि जफत गर्ने अख्तियार — (१) दफा ६, बमोजिम धरौट राखेपछि सो छापाखाना फेरि पनि दफा ५ को उपदफा (१) मा लेखिएको किसिमको कुनै शब्द-चिन्ह या प्रत्यक्ष आकार परेको कुनै किताब, समाचारपत्र अथवा अरु कुनै लिखतपत्र छाप्ने या प्रकाश गर्ने काममा लागेको छ भन्ने सरकारले ठहराएमा त्यस शब्दचिन्ह र प्रत्यक्ष आकार पारी त्यस्ता छापाखानाको मालिकलाई लिखित जनाउद्वारा

(क) त्यस किसिमबाट राखेको सबै धरौट या केही खण्ड र

(ख) त्यस्ता समाचारपत्र, पुस्तक अथवा लिखतपत्रको सबै प्रति भरमुलुक जहाँ फेला पारे पनि सरकार लाग्छ भन्ने अर्डर जारी गर्न सक्छ ।

(२) उपदफा (१) बमोजिम जनाउ दिएको १५ दिनको म्याद नाघे पछि छापाखाना र प्रकाशन रजिष्टरीसम्बन्धी ऐनको दफा ५ बमोजिम गरेको कागज रद्दी भएको मानिनेछ ।

८. समाचारपत्र- — (१) छापाखाना र प्रकाशन रजिष्टरीसम्बन्धी ऐनको दफा ६ बमोजिम स्थानीय हाकिम या बडाहाकिमछेउ कागज गर्न पर्ने

१६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकाशकलाई लाग्ने धरौट

समाचारपत्रको प्रकाशकबाट धरौट लिनुपर्ने आवश्यक देखेमा सो लिनुपर्ने कारणसमेत लेखिराखी कागज गरेका १५ दिनभित्र हाकिम या बडाहाकिमले रू. १००० मा नबढाई धरौट माग्न सक्छ ।

(२) उपदफा (१) बमोजिम कुनै समाचारपत्रसम्बन्धी धरौट राखेपछि ३ महिनासम्म दफा ६ बमोजिम सरकारबाट केही बात दोष आरोप नआएमा समाचारपत्रको प्रकाशकले धरौट फिर्ता पाऊँ भनी दरखास्त दिएमा फिर्ता पाउनेछ ।

(३) यो ऐनबमोजिम धरौट नलिएको या उपदफा (२) बमोजिम धरौट फिर्ता भइसकेको समाचारपत्रमा दफा ५ को उपदफा (१) मा किटिएको कुनै शब्दचिन्ह या प्रत्यक्ष आकार पारेको सरकारको विचारमा लागेमा यस्ता समाचारपत्रको प्रकाशकलाई यस्ता शब्दचिन्ह या प्रत्यक्ष आकार प्रकाश भएको उतार गरी लिखित जनाउ दिई जुन हाकिम या बडाहाकिमको इलाकामा सो समाचारपत्र प्रकाशित भएको छ, सरकारले ती हाकिम या बडाहाकिमद्वेउ प्रकाशकबाट रु. ५०० देखि रू ३००० सम्म धरौट राख्न लगाउन सक्छ ।

(४) माथि उपदफा (२) मा लेखिएको जनाउ दिंदा बाटाको म्यादबाहेक १५ दिनभित्र हाजिर हुने गरी म्याद जारी गर्नुपर्छ । धरौट बुझाउनेले म्यादभित्र धरौट दाखिल गर्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

९. **कुनै खण्ड परेमा धरौट जफत गर्ने अख्तियार**

(१) दफा ८ बमोजिम धरौट मागिएको समाचारपत्रमा दफा ५ मा उल्लेखित कुनै शब्दचिन्ह अथवा प्रत्यक्ष आकार छापिएको रहेछ भने सरकारले त्यस्तो पत्रको प्रकाशकलाई यस्तो शब्दचिन्ह र प्रत्यक्ष आकार देखाई लिखित जनाउ दी।--

(क) धरौट राखेकोमा यस्तो धरौट अथवा त्यसको केही खण्ड जफत गर्न सक्छ।

(ख) धरौट नराखेकोमा छापाखाना र प्रकाशन रजिष्टरीसम्बन्धी ऐनको दफा ६ बमोजिम यस्तो समाचारपत्रको प्रकाशकले गरेको कागज रद्दी गर्न सक्नेछ र सबै यस्तो समाचारपत्र नेपाल राज्यभित्र जहाँजहाँ पाइयो, जफत गर्न सक्छ।

(२) धरौट अथवा त्यसको केही खण्ड जफत भयो भने उपदफा (१) बमोजिम जनाउ दिएको १५ दिनको म्याद नाघेपछि छापाखाना र प्रकाशन रजिष्टरीसम्बन्धी ऐनको दफा ६ बमोजिम यस्तो समाचारपत्रको प्रकाशकले गरेको कागज रद्दी भएको मानिनेछ।

१०. **पछि राख्नुपर्ने धरौट**

(१) यस ऐनको दफा ९ अथवा ११ बमोजिम कुनै समाचारपत्रको सम्बन्धमा राखेको धरौट जम्मै वा त्यसको केही खण्ड जफत भएपछि छापाखाना र प्रकाशन रजिष्टरीसम्बन्धी ऐनको दफा ६ बमोजिम फेरि कुनै मानिसले यस्तो समाचारपत्र अथवा यस्तो किसिमको अरू समाचारपत्रको प्रकाशक बन्नलाई नयाँ कागज गरेमा स्थानीय हाकिम वा बडाहाकिमको तजबीजले रू. १००० देखि रू. १०,००० सम्म धरौट राख्नुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दफा ६ र ११ बमोजिम जफत भएकोमा राखिएको धरौट केही खण्ड मात्र परेको छ भने बाँकी रूपैयाँ उपदफा (१) बमोजिम फेरि राख्नुपर्ने धरौटको अंकमा मिलाउन सकिन्छ ।

११. पछिल्लो धरौट र समाचारपत्र जफत गर्ने अख्तियार. (१) दफा १० बमोजिम धरौट राखेपछि दफा ५ को उपदफा १ मा लेखिएको किसिमको कुनै शब्दचिन्ह अथवा प्रत्यक्ष आकार समाचारपत्रमा परेको छ भन्ने कुरा सरकारले ठहराएमा समाचारपत्रको प्रकाशकलाई लिखित जनाउ दी ।—

(क) यस्तो राखेको थप धरौट अथवा त्यसको केही खण्ड र,

(ख) यस्तो समाचारपत्रको सबै प्रति भरमुलुक जहाँ फेला पारे पनि सरकार लाग्छ भनी अर्डर जारी गर्न सक्तछ ।

(२) उपदफा (१) बमोजिम जनाउ दिएको १५ दिनको म्याद नाघेपछि छापाखाना र प्रकाशन रजिष्टरीसम्बन्धी ऐनको दफा ६ बमोजिम यस्तो समाचारपत्रको प्रकाशकले गरेको कागज रद्दी भएको मानिनेछ ।

१२. धरौट नराखी छापाखाना राख्ने. (१) स्थानीय हाकिम या बडाहाकिमले दफा ४ या ६ बमोजिम मागेको धरौट नराखी किताब, पत्र—पत्रिका छाप्नालाई छापाखाना राख्ने जोसुकैलाई कारवाई गर्दा लेखिएबमोजिम दोषी ठहराएमा सो व्यक्तिलाई छापाखाना र प्रकाशन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

या समाचारपत्र प्रकाश गर्नेलाई हुने सजाय

रजिष्टरीसम्बन्धी ऐनको दफा ५ उल्लंघन गरे गरेबापतमा हुने सजाय हुनेछ ।

(२) दफा ८ या १० बमोजिम कसैले स्थानीय हाकिम या बडा-हाकिमले मागेको धरौट नराखी अथवा धरौट राखेको छैन भन्ने जानी जानी कुनै समाचारपत्र प्रकाश गरेबापत कारवाई गर्दा लेखिएबमोजिम कसूर साबित ठहरिन आएमा त्यस्ता व्यक्ति-लाई छापाखाना र प्रकाशन रजिष्टरीसम्बन्धी ऐनको दफा ६ उल्लंघन गरेबापत हुने सजाय हुनेछ ।

१३. मागेबमोजिम धरौट नराखेमा हुने.

(१) छापाखाना राख्नेले धरौट राख्नपर्ने आवश्यक ठहरिएमा माथि दफा ४ बमोजिम धरौट बुझाउन दिएको म्यादभित्र नबुझाई सो म्याद नाघेपछि र दफा ६ बमोजिम राख्नपर्ने भएमा धरौट नराखेसम्म छापाखानाले किताब, समाचारपत्र र अरु कुनै किसिमको कागजपत्र छाप्न हुँदैन ।

(२) उपदफा (१) उल्लंघन गरेमा सरकारले छापाखानाधनीलाई लिखित जनाउ दिएर सो छापाखाना जफत गर्न सक्छ ।

(३) दफा ८ बमोजिम प्रकाशकले धरौट राख्नपर्ने भएकोमा म्यादभित्र सो धरौट राखेन भने छापाखाना र प्रकाशन रजि-ष्टरिसम्बन्धी ऐनको दफा ६ बमोजिम गरेको कागज रद्दी भएको मानिनेछ ।

१४ रहेको धरौट

कुनै व्यक्तिले यो ऐनबमोजिम धरौट राखेको छ र सो धरौट राख्नपरेको छापाखाना राख्ने काम निजले छोडेपछि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै खण्डमा फिर्ता हुने

अथवा सो व्यक्ति प्रकाशक भई छापाखाना र प्रकाशन रजिष्टरी ऐनको दफा ६ बमोजिम कागज गरेपछि निजले ती विषयहरूमा राखेको धरौट फिर्ता पाऊँ भनी स्थानीय हाकिम वा बडाहाकिमकहाँ दरखास्त दिन आएमा हाकिम वा बडाहाकिमले सो कुरा हो होइन, बुझी प्रमाण पुगेको ठहराएमा र यस ऐनको अरू दफामा बाधा विरोध पर्दैन भने फिर्ता दिनुपर्छ ।

१५. खानतलासी गर्ने अख्तीयार

दफा ५, ७, ६, ११ र १३ बमोजिम कुनै छापाखाना अथवा समाचारपत्र किताब, अथवा लिखतपत्रको केही प्रतिहरू सरकारबाट जफत गरेको कुरा सुनाएपछि सरकारले बडाहाकिमलाई तल्लो दर्जामा सब इन्स्पेक्टरसम्मको पुलीस अफिसर खटाई जफत गर्नू भन्ने अडर भएको जुनसुकै धनमाल पकडाउ रोक्का र सो रहेको र रहन सक्छ भन्ने मनासीबमाफिकको शंका भएको अथवा त्यस्तो समाचारपत्र अथवा अरू लिखतको प्रतिहरू बेच्न वितरण गर्न अथवा बजारमा प्रदर्शन गर्न राखिएको अथवा सो कामको निमित्त राखिएको छ भन्ने शंका भएको ठाउँमा पसी खानतलासी गर्न अख्त्यार दिन सक्छ ।

१६. समाचारपत्रिका प्रकाश गर्न

(१) बडा हाकिमले आफ्नो तजवीजले चाहिंदो शर्त राखी लिखित अर्डरबाट कुनै व्यक्तिको नाउँ किन्ही एकपटक वा बिच बिचमा समाचारपत्रिका छाप्ने अख्तियार दिन सक्छ ।

४८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अख्तियार दिने

(२) यसरी उपदफा (१) बमोजिम दिएको अर्डर बडाहाकिमले जुन बेला पनि खिच्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अखतियारी पाएको मानिसलाई सो अखतियारी—पत्रको एक प्रति दिइनेछ ।

१७. अनधिकृत पत्र पत्रिका जफत गरी नष्ट गर्ने अखतियार

(१) कुनै पुलीस अफिसर वा त्यस काममा सरकारबाट अधिकार पाएको जोसुकै मानिसले अनधिकृत समाचारपत्र जहाँ पाए पनि जफत गर्न सक्नेछ ।

(२) कुनै ठाउँमा अनधिकृत समाचारपत्र पत्रिका छ अथवा होला भन्ने मनासीबमाफिकको शंका भएमा कुनै हाकिम या बडाहाकिमले तल्लोमा सब इन्स्पेक्टरसम्म दर्जाको पुलीस अफिसरलाई लिखित अर्डर दिई सो ठाउँमा खानतलासी लिन अधिकार दिन सक्छ र खटिएको अफिसरले पनि त्यस्तो ठाउँमा पाएको लिखितपत्र अनधिकृत ठहराएमा जफत गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम जफत भई आएका सबै कागतपत्रहरू यथाशीघ्र अर्डर जारी गर्ने स्थानीय हाकिम या बडाहाकिमछेउ बुझाउनुपर्छ ।

(४) हाकिम या बडाहाकिम या कचहरीको बिचारमा यो लिखितपत्रमध्ये कुनै अनधिकृत ठहरिएमा सो लिखितपत्र नष्ट गर्न सक्छ, नठहरिएमा सो कागतपत्र जसको हो, उसैलाई फिर्ता दिइनेछ । यदि मालधनी चिनिएन भने सो कागतपत्रहरूको फाँट गजेटमा छापी सूचना जारी गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. अनधिकृतपत्र पत्रिका निकाल्ने, बेरीतको छापाखाना पकडाउ र जफत गर्ने अखतियार.

(१) आफ्ना इलाकाभित्र बेरीतको छापाखानाबाट अनधिकृत अखबार छापिएको छ भन्ने पत्यार पर्ने कारण भएमा स्थानीय हाकिम या बडाहाकिमले लिखित अर्डर दिई तल्लो दर्जामा सबै इन्स्पेक्टरसम्मको पुलीस अफिसरलाई छापाखाना छ, अथवा होला भन्ने मनासीबमाफिकको शंका भएका ठाउँमा पस्न र सो ठाउँको खानतलासी लिन अधिकार दिन सक्छ। यस्तो ठाउँमा ल्याइएको छापाखाना बेरीतको र यो छापाखानाले अनधिकृत पत्रपत्रिका छाप्ने गरेको छ भन्ने कुरा खडिई जाने पुलीस अफिसरको चित्तमा लागेमा यस्तो ठाउँमा पाइएको छापाखाना र लिखतपत्र पकडाउ गर्न सक्छ।

(१) पुलीस अफिसरले आडर जारी गर्ने अड्डामा खानतलासीको रिपोर्ट दिनुपर्छ र पकडाउ गरिएको सबै माल पनि यथाशीघ्र सो अड्डामा दाखिल गर्नुपर्छ। यसरी पकडाउ गरिएको छापाखाना जम्मै सजिलैसँग ल्याउन नसके छापाखाना रोक्का राखी सो छापाखानाको मुख्य भाग मात्र भए पनि कचहरीमा दाखिल गर्नुपर्छ।

(३) यस्तो अड्डाले जाँच बुझ गरी सो दफाबमोजिम कब्जा भएको छापाखाना अनधिकृत समाचारपत्र छाप्ने छापाखाना हो भन्ने ठहराएमा सो अड्डाले लिखित अर्डरद्वारा सो छापाखाना रीतपूर्वकसँग जफत गर्नेछ। नठहराएमा छापाखाना जसको हो, उसैलाई फिर्ता गरिनेछ। यदि मालधनी चिनिएन भने मालको फाँट खोली गजेटमा छापिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) यो दफाबमोजिम दाखिल गरिएको लिखतपत्रहरू अङ्गाले दफा १७ को उपदफा (४) मा लेखिएमुताबिक कारवाई गर्नेछ।

**१९. विदेशबाट आएको कुनै प्रकाशित पुस्तक आदि भएको अद्दतहरू रोक्का गर्ने अख्तियार**

(१) अनधिकृत समाचारपत्र–पत्रिका डाँक भरिया इत्यादि कुनैद्वारा पठाउन हुँदैन।

(२) जल, थल र आकाशबाट आएका पुलिन्दामा दफा ५ मा बयान गरिएको किसिमको समाचारपत्र, किताब र अरु लिखतपत्र छ भन्ने भंसारका अफिसरलाई शंका लागेमा त्यस्तो पुलिन्दा रोकी त्यसभित्र पाइएको अखवार, किताब र अरू कागतपत्रको केही प्रतिहरू हाकिम या बडाहाकिमछेउ भन्सारका अफिसरले चलानीसाथ पठाउनुपर्छ।

**२० हुलाकद्वारा पठाइने मालहरू रोक्का गर्ने अखतियार**

जुनसुकै डाँकखानाको हाकिमले डाँकमा चलिसकेको चिट्ठी या पार्सलबाहेक दफा ५ को उपदफा (१) मा लेखिएको शब्दचिन्ह अथवा प्रत्यक्ष आकार भएको कुनै समाचारपत्र, किताब या अरू लिखतपत्र अथवा अनधिकृत समाचारपत्र–पत्रिका छ भन्ने शंका लागेमा जुनसुकै पुलिन्दा या पोका रोक्न सक्छ र यसरी रोकिएको पुलिन्दा या पोका हाकिम या बडाहाकिम अथवा तोकिएको अफिसरकहाँ बुझाउनुपर्छ।

**२१ कुनै प्रकाशित पुस्तक आदि जफत गर्नेर सो-**

जुनसुकै ठाउँमा छापिएको भए पनि कुन समाचारपत्र, किताब या लिखतपत्रमा दफा ५ को उपदफा (१) मा लेखिएको शब्दचिन्ह या प्रत्यक्ष आकार परेको देखिएमा सरकारले आफ्नो ठहरको कारणसमेत नेपाल गजेटमा प्रकाशित गरी यस्तो समाचारपत्र,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धी खान-तलासीको आडर जारी गर्ने अख्तियार

किताप अथवा अरु लिखतपत्रको हरेक प्रति जफत गर्ने भनी सूचना गरिनेछ र त्यसपछि जुनसुकै पुलीस अफिसरले उपरोक्त समाचारपत्र, किताब, लिखतपत्र नेपाल राज्यभित्र जहाँ फेला पारे पनि पक्राउ गर्न सक्छ र स्थानीय हाकिम या बडाहाकिमले लिखित अर्डर दिई तल्लो दर्जामा सब इन्स्पेक्टरसम्मको पुलीस अफिसरलाई यस्तो समाचारपत्र, किताब र कागजपत्र छ अथवा हुन सक्छ भन्ने मुनासीवमाफिकको शंका लागेको ठाँउमा पस्न र खान तलासी गर्नलाई समेत अधिकार दिन सक्नेछ ।

२२. जफत गर्ने अर्डर हटाई पाऊँ भन्ने प्रधान न्यायालयमा दिइने उजुरी बिन्तिपत्र

(१) दफा ४ को उपदफा (३) बमोजिम धरौट राख्न अर्डर भएको प्रेसधनी अथवा दफा ८ को उपदफा (३) बमोजिम धरौट राख्ने अर्डर भएको प्रकाशकले अथवा दफा ५,७,९ ११ र २१ बमोजिम जफत हुने भएको धनमालमा हकवालाले यस्तो अर्डर हटाइपाऊँ भनी प्रधान न्यायालयमा दर्खास्त दिन सक्छ र प्रधान न्यायालयले पनि दफा ५ को उपदफा (१) मा उल्लेखित शब्द—चिन्ह अथवा प्रत्यक्ष आकार भएको नभएको निर्णय गर्नेछ ।

(२) दफा १३ को उपदफा (१) उल्लंघन गरेबापतमा सोही दफाको उपदफा (२) बमोजिम छापाखाना जफत हुने अर्डर भएमा अर्डर पाएका मितिले २ महिनाभित्र छापाखाना राख्नेले त्यस्तो बात लाग्ने काम छापाखानाबाट भएको छैन, अर्डर हटाइपाऊँ भनी प्रधान न्यायालयमा दरखास्त दिन सक्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. बिशेषबेन्चबाट सुनवाई हुने

यस्ता सबै दरखास्त ३ न्यायधीश बसी बनेको प्रधान न्यायालयको विशेष बेन्चबाट सुनी तहकिकात ठहर हुनेछ ।

२४. जफतको अर्डर हटाउने बारे विषशे बेन्चको अर्डर.

(१) २२ दफाको उपदफा१ बमोजिम दरखास्त परेपछि समाचारपत्र, किताब अथवा अरू लिखतपत्रमा जुन शब्दचिन्ह प्रत्यक्ष आकार भएबापत धरौट जफत भएको हो, सो कुरा ५ दफाको उपदफा (१) मा लेखिएबमोजिम भएको विशेष बेन्चले ठहराएन भने त्यस्तो अर्डर सो विशेष बेन्चले हटाउन सक्छ ।

(२) २२ दफाको उपदफा (२) बमोजिम दरखास्त परेमा दफा १३ को उपदफा (१) उल्लंघन गरी छापाखाना चलाएको होइन रहेछ भन्ने विशेष बेन्चको ठहर भएमा विशेष बेन्चबाट यस्तो अर्डर हटाइनेछ ।

२५. समाचारपत्रको किसिम र प्रवृत्ति देखाउने सबूद

दफा २२ को उपदफा (१) बमोजिम कुनै छापासम्बन्धी उजुरी बिन्तिपत्रको कारवाई हुँदा छापाखानामा जुन शब्दचिन्ह अथवा प्रत्यक्ष आकार रहन गएको अभियोगमा धरौट जफत गर्ने अर्डर भएको हो, सो कुराको सबूदको पुष्ट्याइँको लागि त्यस किसिमको प्रवृत्ति भएका शब्दचिन्ह या प्रत्यक्ष आकार छापिएको यो ऐन जारी भएपछि प्रकाशित भएको समाचारपत्रको कुनै प्रति पेश गर्न लिन हुन्छ ।

२६. प्रधान न्याया-

यस किसिमको दरखास्त परेकोमा कारवाई बिषयमा लाग्ने खर्च र भएको फैसलाबमोजिम गर्ने विषयहरूको नियमहरु प्रधान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लयको कारवाई न्यायलयबाट भरसक छिटो बनाउनुपर्छ। सो नभएसम्म भइरहेका ऐन सवालबमोजिम कारवाई हुनेछ।

२७. जनाउ दिने — यो ऐनमा लेखिएबमोजिमको सबै जनाउ हाकिम या बडाहाकिमकहाँ पठाउनुपर्छ र निजले पनि सम्मन इतलायनामा पठाउँदा पुऱ्याउनुपर्ने रीत पुऱ्याई तामेल गर्न लगाउनुपर्छ। उचित परिश्रमबाट पनि लेखिएबमोजिम तामेल हुन सकेन भने तामेल गर्न जाने अफिसरले छापाखानाको हकमा छापाखाना र प्रकाशन रजिष्टरीसम्बन्धी ऐनको दफामा लेखिएबमोजिम छापाखाना रहेको ठाउँको सबैले देख्ने प्रमुख भागमा सो सूचनाको एक प्रति टाँसिदिएमा र समाचारपत्रको प्रकाशकको हकमा सोही ऐनको दफा ५ बमोजिम निजको दरखास्तमा लेखिएबमोजिम जुन ठाउँबाट सो समाचारपत्र प्रकाशन हुन्छ, सो ठाउँको सबैले देख्ने प्रमुख भागमा टाँसिएको सूचना उचित तरिकाबाट तामेल भएको ठहरिनेछ।

२८. अख्तियारको लागू रोक्का — (१) यो ऐनबमोजिम जफत गर्ने ठहर भई जनाउ हुनासाथ लेखिएबमोजिम जफत भयो भन्ने सबै मानिसले अकाट्य प्रमाण मान्नुपर्छ।

(२) यस कारवाईमा २३ दफाबमोजिम उजुरी दरखास्त परेपछि प्रधान न्यायालयले बाहेक अरू कुनै अदालतले कारवाई गर्न पाउँदैन।

(३) यो ऐनमा लेखिएबमोजिम केही गरेको या असल नियतले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने खोजेकोमा कुनै मानिसउपर यो ऐनमा लेखिएबाहेक अरू कुनै देवानी या फौज्दारी कारवाई चलाउन सकिनेछैन ।

२९. अरू ऐनका लागू रोका नहुने.

यस ऐनबमोजिम अपराध ठहरने कुनै गर्नुपर्ने काम नगरेमा र नगर्नुपर्ने काम गरेमा कुनै व्यक्तिउपर अरू ऐनद्वारा नालीस उजुर गर्न यस ऐनमा लेखेको कुनै दफाले बाधा गरेको मानिनेछैन र संकुचन हुँदैन।

३०. ०८ सालको छापाखाना र प्रकाशन रजिष्टरीसम्बन्धी ऐन मुताबिक बडाहाकिमको कचहरीमै गर्नुपर्ने कागजविशेष

छापाखाना र प्रकाशन रजिष्टरीसम्बन्धी ऐनको ५,६,२८, दफा-बमोजिम गर्नुपर्ने कागज सद्रमा सरकारले तोकी दिएको आफिसर र मोफसलमा हाकिम या बडाहाकिमको इजलासमा हुनुपर्छ ।

## विविध

३१. गैर कानूनीसँग प्रकाशित भएको किताब, नक्सा, छापा इत्यादिको सरकारी सूचना गजेटमा प्रकाशित भएको ३५ दिनभित्र उक्त किताब, नक्सा इत्यादि भएको व्यक्तिले स्थानीय हाकिम या बडाहाकिम-कहाँ बुझाउनुपर्छ । नबुझाए निजलाई १००० रुपैयाँसम्म दण्ड वा ६ महिनासम्म कैद वा दुवै हुन सक्तछ ।

३२. हुलाकद्वारा या हवाइजहाज या नाऊबाट गैर कानूनी किताब, नक्सा, छापा इत्यादि कहींबाट ल्याउने लैजाने या पठाउने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

झिकाउने व्यक्तिलाई स्थानीय हाकिम या बडाहाकिमले ६ महिनासम्म कैद या रु १००० सम्म दण्ड या दुवै गर्न सक्तछ।

३३. यो ऐनको उद्देश्य वा मतलब पूरा गर्नानिमित्त आवश्यक पर्‍यो भने सरकारले अरु नियम बनाउन सक्तछ।

३४. सरकारले गजेटमा सूचना छापी यो ऐनमा थपघट या केही कालको निमित्त यो ऐन जम्मै वा यसको कुनै भाग मात्र लागू वा नहुने गर्न सक्तछ।

३५. गैर कानूनी प्रकाशित भएको प्रेसवाला या प्रेस-कम्पनीको म्यानेजरलाई थाहा नदिई प्रकाशित गरेको ठहर्न आए उक्त गैर कानूनी प्रकाश गर्ने प्रकाशक मुद्रक वा सम्पादक जसको काम हो, निजलाई हरेक पटकमा स्थानीय हाकिम या बडाहाकिमले १००० रुपैयाँसम्म या ६ महिनाको कद या कैद दण्ड दुवै गर्न सक्छ।

३६. दुनियाँको हितको निमित्त सरकारले जुनसुकैले खबर, आलोचना र प्रकाशन रोक्न सक्छ।

३७. गैर कानूनी ठहरिएको किताब, पत्र—पत्रिका, नक्सा, इत्यादि जसले जानाजान बेच्तछ, वितरण गर्छ, प्रकाशित गर्छ वा प्रदर्शन गर्छ; निजलाई ६ महिनासम्म कैद या रु. ५० सम्म दण्ड या दुवै हुन सक्छ। इति संवत २००६ साल आश्विन ३० गते रोज ४ शुभम्।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# पब्लिक सर्भिसकमिशनको सूचना नं. ७

स्वास्थ्यविभागअन्तर्गत वीर फिमेल अस्पतालका निमित्त सुरुमा मासिक मो. रु. १४०। को एकजना लेडी डाक्टर चाहिएको छ। एल्. एम्. एफ. पास भएका उमेदवारहरुले २००६ साल फाल्गुन ४ गतेसम्ममा आवेदन गर्नुपर्छ। दरखास्तपत्र र विशेष विवरण तलको ठेगानामा प्राप्त हुन्छन्।

सेक्रेटरी,
पब्लिक सर्भिसकमिशन.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।